# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 19.03.2025**

---

***LokSabha Jitendra Space***

केन्द्र सरकारले भनेकोछ  दुई हजार पैंतिस सालसम्ममा भारतले अन्तरिक्ष स्टेशन नामको आफ्नो अन्तरिक्ष स्टेशन बनाउने योजना तयार पारेको छ र यदि सबै कुरा सही भएमा दुइ हजार चालिस साल सम्ममा एक भारतीय अन्तरिक्ष यात्री चन्द्रमामा हुनेछन्।

प्रधानमन्त्री कार्यालयमा राज्य मन्त्री डा. जितेन्द्र सिंहले आज लोकसभामा पूरक प्रश्नहरूको उत्तरमा यस्तो जानकारी दिनुभयो।

श्री सिंहले भन्नुभयो चन्द्रयान- 4 लाई दुई प्रक्षेपण यानहरूद्वारा प्रक्षेपित गरिनेछ र यसका पाँच घटक हुनेछन्। गगनयानका लागि छनौट गरिएका चार अन्तरिक्ष यात्रीहरूलाई मानिसहरूदेखि अलग राखिएको कारणबारे सोध्दा श्री सिंहले भन्नुभयो उनीहरूको ध्यान भड़काउने तत्वहरूदेखि अलग्ग राख्न यसो गरिएको हो।

उहाँले भन्नुभयो यस वर्षको अन्तसम्ममा एक महिला रोबोटसित गगनयानको परीक्षण उड़ान शुरू गरिनेछ।

मन्त्रीले भन्नुभयो सुनिका विलियम्स धरतीमा सुरक्षित फर्केर आउनु गौरब, गर्व र राहतको क्षण हो।

यहाँहरूलाई थाहै होला नासाका अन्तरिक्ष यात्रीहरू सुनिता विलियम्स र बुच विल्मोर अन्तरिक्षमा नौ महीना बिताएपछि अन्तर्रास्ट्रिय अन्तरिक्ष स्टेशनबाट प्रस्थानको सत्र घण्टा पश्चात स्पेसएक्स ड्रैगन क्याप्सूलमा आज बिहान तीन बजेर सताइस मिनट जाँदा सुरक्षित रूपमा उत्रिए।

---

***Youth Festival College***

आठौं पूर्वोत्तर युवा महोत्सवको तेस्रो दिन आज नरबहादुर भण्डारी सरकारी महाविद्यालय तादोङमा एउटा कार्यक्रम आयोजित भयो।

यसको विषय थियो 'सशक्त युवा, सशक्त क्षेत्र, मेरो भारत, विकसित भारत'।

कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै मुख्य मन्त्रीका सल्लाहकार श्री कुंगा निमा लेप्चाले रास्ट्रको भविस्यलाई आकार दिनमा युवाहरूको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो र भन्नुभयो देशको प्रगति युवाहरूमाथि निर्भर छ।

यस अवसरमा आयोजित एंकाकी नाटक प्रतियोगिता र एकल गिटार वादन प्रतियोगितामा अरूणाचल प्रदेश, मणिपुर, मेघ्लय, मिजोराम र सिक्किमका युवाहरू सहभागी बने।

पूर्वोत्तर युवा महोत्सवकै एक भागको रूपमा आज गान्तोकको चिन्तन भवनमा जीवन कौशल कार्यक्रम, संगास्ठि, युवा सम्मेलन र सुविचार कार्यक्रम आयोजित भए।

यसमा मुख्य अतिथिको रूपमा बोल्दै गान्तोक नगर निगमकी उपमेयर श्रीमती छिरिङ पाल्देन भुटियाले भन्नुभयो  यस सम्मेलनले विचारहरू आदानप्रदान गर्ने मञ्च उपलब्ध गराउन मात्र नभएर यसले युवाहरूको ब्यापक क्षमता प्रदर्शित गरयो।

युवाहरूलाई सम्बोधन गर्दै पुलिस महा निदेशक अक्ष्य सचदेवाले अनुशासित जीवनशैली अप्नाएर मानसिक र बौध्दिक बिकासलाई प्राथमिकता दिन प्रेरित गर्नुभयो। विभिन्न क्षेत्रमा उपलब्धि हासिल गर्ने व्यक्तिहरूको प्रोत्साहनमूलक बक्तव्य समारोहको विशेष आकर्षण थियो।

---

## ***CM***

मुख्यमन्त्री प्रेमसिंह तामाङले बाह्रौं Goshri ग्यालछाब रिम्पुछेसित भेट गरी उहाँबाट आर्शीवाद लिनुभयो।

भेटघाटका बेला श्री तामाङले रिम्पुछेको सुस्वास्थ्यको कामना गर्नुभयो।

आर्शीवादका लागि रिम्पुछेप्रति कृतज्ञता प्रकट गर्दै मुख्यमन्त्रीले सबैलाई प्रेरित गर्ने उहाँका उपदेशहरूको उल्लेख गर्नुभएको छ।

---

## ***Purple Fair***

रास्ट्रिय Locomotor गतिशील विकलाङ्गता संस्थान, कोलकाता, दिब्याङ्गजन सशक्तिकरण विभाग र केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता मन्त्रालय अघि कार्यरत कौशल विकास, पुनर्वास तथा सशक्तिकरण, सिक्किम समग्र क्षेत्रीय केन्द्रले आज पाकिममा पर्पल फेयर आयोजित गरयो।

यसको विषय थियो विकसित तथा समावेशी भारतको दृष्टिकोण अनुरूप विकसित भारत 2047 र पुस्पित सिक्किम @ फिफ्टीमा दिब्याङ्गजनलाई सामेल गर्नु।

दिब्याङ्गजनलाई आफ्नो योग्यता प्रदर्शन गर्ने मञ्च उपलब्ध गराउने प्रयास गरेकोमा संगठनको प्रशंसा गर्दै पाकिमका जिल्लाधीश श्री रोहन अगवानेले भन्नुभयो प्रत्येक व्यक्ति आआफ्नै क्षमता र मूल्य हुने हुनाले समावेशी परिवेश निर्माण गर्न आवश्यक छ।

आफ्नो बक्तव्यमा समग्र क्षेत्रीय केन्द्र सिक्किमकी निदेशक सुश्री पुस्पाञ्जली गुप्ताले स्वास्थ्य सुविधा, शिक्षा र कौशल विकासद्वारा दिब्याङ्गहरूलाई सशक्त बनाउन सकिने कुरो बताउनुभयो।

उहाँले वरिस्ठ नागरिकहरू र दिब्याङ्गहरूलाई सुचारू रूपमा आफ्नो कार्य गर्न सक्ने सहायक उपकरणहरू उपलब्ध गराउने प्रधानमन्त्री दिब्याशा केन्द्र योजनाबारे पनि प्रकाश पार्नुभयो।

कार्यक्रममा सहभागीहरूले नृत्य,संगीत कला, पाक कला र खेलकुदमा आ आफ्ना क्षमता प्रदर्शन गरे।

---

## ***DPDC Meeting***

जिल्ला पञ्चायत बिकास योजना समितिको पाकिम रर्बन परिसरमा आज बसेको पहिलो बैठकमा पाकिम जिल्लाका लागि बिकास योजनाहरूको समीक्षा गरियो।

वित्त वर्ष 2025-2026 का लागि छैटौं राज्य वित्त आयोग र सोह्रौं वित्त आयोग अन्तर्गत योजनाहरू स्वीकृत गर्ने उद्देश्यले डाकिएको बैठकको अध्यक्षता गर्दै जिल्ला अध्यक्ष सुश्री लाडेन लामू भुटियाले पाकिम बजारको सुन्दरीकरण गर्नुपर्ने आवश्यकतामा जोड़ दिनुभयो।

उहाँले यस सम्बन्धी पहलका लागि जिल्ला पञ्चायतको तर्फबाट सहयोगात्मक प्रयास गरिनुपर्ने कुरो बताउनुभयो।

---

## ***Weather***

राज्यमा आज पनि दिन घमाइलो भएकाले मानिसहरूले जाड़ोदेखि राहत अनुभव गरे।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपक क्षेत्रमा अधिकतम तापमान बीस दशमलउ सात डिग्री सेल्सियस र न्यूनतम तापमान एघार डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले भोलि अधिकतम तापमान बाइस डिग्री सेल्सियस र न्यूनतम तापमान एघार डिग्री सेल्सियस रहने पूर्वानुमान छ।